# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष ०८२/०८३




गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

## गण्डकी आयुर्वेद अस्पताल

कास्की

# १ पृष्ठभूमि

## १.१ परिचय :

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । नेपालमा सत्रौं शताब्दीमा सिंहदरवार वैद्यखानाको स्थापनसँगै आयुर्वेद उपचार पद्धतिको विकास भएको थियो । वि. सं. १९४७ मा वीर अस्पतालको स्थापना भएसँगै आधुनिक चिकित्सा पद्धतिको संस्थागत विकास भएको हो भने । वि. सं. १९७४ सालमा श्री ३ महाराज चन्द्र शम्शेरले पहिलो आयुर्वेद चिकित्सकलय एवं पाठशालाको स्थापना गरि आयुर्वेद चिकित्सा पद्धतिको विकास प्रयास गरिएको थियो । समग्रमा स्वास्थ्य क्षेत्रको योजनावद्ध विकास भने वि. सं. २०१३ को प्रथम आवधिक योजनासँगै शुरुवात भएको पाइन्छ । वि. सं. २०३२ मा १५ वर्षे प्रथम दीर्घकालिन स्वास्थ्य योजना लागू भएको र वि. सं. २०५४ मा २० वर्षे दोस्रो दीर्घकालीन स्वास्थ्य योजना लागू भएको थियो । वि. सं. २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली जनताको परिवर्तनको अपेक्ष अनुरुप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँ गाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गरियो भने वि. सं. २०५२ मा राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति लागु गरी प्रत्यक जिल्लामा जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र ५ गाविसलाई सहज हुने गरी १ आयुर्वेद औषधालय स्थापना गर्ने नीति अनुरुप आयुर्वेद स्वास्थ्य संस्थाहरुको स्थापना गरिँदै लगिएको थियो ।

कास्की जिल्ला नेपालकै महत्वपूर्ण पर्यटकीय स्थल पोखरा सहितको जिल्ला हो । यस जिल्लाको सदरमुकाम पोखरा हो, जुन हाल गण्डकी प्रदेश राजधानी पनि हो । विश्व मानचित्रमा यस जिल्ला २८ ॰०६"उत्तरी अक्षांश देखि २८ ॰३६" उत्तरी अक्षांशसम्म र ८३॰४०"पूर्व देशान्तर देखि ८४॰१२" पूर्व देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २०१७०० हेक्टर छ र सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङजा जिल्ला पर्दछ । समुद्र सतह देखि मादी नदीको किनारमा करिव ४५० मिटर र अग्लो अन्नपूर्ण प्रथम ८०९१ मिटर रहेको छ । उत्तर तर्फको मनमोहक हिम श्रृखला, सेती नदीको गहिरो खोच/गल्छी, उपत्यका र ताल तलैया यस जिल्लाका आभूषण हुन् ।

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लामा जम्मा घरसंख्या १६०६५१ र कुल जनसंख्या ६०००५१ रहेको छ जसमा पुरुष २९२७९१ र महिला ३०७२६० रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर १.९० प्रतिशत रहेको छ भने जनघनत्व २८८ प्रति वर्ग कि.मि. रहेको छ ।

यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका र चार वटा गाउँपालिकाहरु (माछापुच्छ्रे, अन्नपूर्ण , मादी र रुपा) रहेका छन र ३ निर्वाचन क्षेत्र रहेको छ ।

## १.२ अस्पतालको परिचय :

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । वि. सं. २०२४ मा यस कार्यालय गण्डकी अञ्चल आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थापना भएको थियो । त्यस पछि वि. सं. २०५८ मा आयुर्वेद विभागबाट जिल्लामा रहेका साधारण औषधालयहरुको आर्थिक कारोबार जिल्लास्तरीय कार्यालयबाट गर्ने निर्णय भए अनुसार सदरमुकाम बाहिर रहेका जिल्लास्तरीय कार्यालयहरु जिल्ला सदरमुकाम ल्याउने नीति अनुसार लेखनाथ नगरपालिका ३ अर्घौमा रहेको लेखनाथ आयुर्वेद औषधालयको भवनमा स्थानान्तरण गरि यहाँ स्थित औषधालयलाई वेगनास आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थानान्तरण गारिएको थियो । यसपछि निरन्तर रुपमा यस कार्यालय संचालनमा रहेको छ । देशको संघीय संरचना अनुसार यस कार्यालय नेपाल कै सबभन्दा ठूलो महानगर पालिका पोखरा २६ को आयुर्वेदिक मार्गमा रहेको छ। प्रदेश अन्तर्गत रहेको र नेपाल सरकारको मन्त्री परिषद्को अंचल शब्द हटाउने निर्णय भए अनुसार गण्डकी प्रदेश सरकारको २०७७ वैशाख २३ को निर्णय अनुसार गण्डकी आयुर्वेद औषधालय को नाममा रहेको छ । गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०७/१२ को निर्णयानुसार २५ शैय्या सहितको अन्तरंग सेवा संचालन स्वीकृती प्राप्त गरी मिति २०८१/०८/१२ गतेको गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयले गण्डकी आयुर्वेद अस्पताल नामाकरण भई मिति २०८२/०१/१० गतेबाट नियमित अन्तरंग सेवा संचालन गरी आयुर्वेद चिकित्सा सेवा दिदैं आइरहेको छ ।

यस अस्पतालको अन्तरंग सेवा, कुटी स्वेदन यन्त्र, रुरल फार्मेसी, र स:शुल्क फार्मेसीको समूद्घाटन वि. सं. २०८२ साल जेष्ठ ०४ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रि सुरेन्द्र राज पाण्डेज्यू ले गर्नु भएको थियो भने उक्त उद्घाटनमा गण्डकी प्रदेश सरकारका माननीय पुर्व मुख्यमन्त्रि खगराज अधिकारी ज्यू एवं माननीय स्वास्थ्य मन्त्रि कृष्ण पाठकज्यूको विशिष्ट अथितिको रुपमा उपस्थिति रहेको थियो।

## १.३ अस्पतालका जिम्मेवारीहरु :

- नेपाल सरकार तथा प्रदेश सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कायर्क्रमहरु गर्ने ।
- कास्की जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, आवश्यक मार्गदर्शन दिने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने ।
- आयुर्वेदमा वर्णित उद्देश्य स्वास्थ व्यक्तिको स्वास्थ्यको रक्षा गर्न र रोगीको रोगको उपचार गर्न नेपाल सरकारले तोकेका विभिन्न कार्यक्रमहरु संचालन गर्ने जस्तै, बिरामीको जाँच, रोग निदान, भर्ना गरी उपचार, नि:शुल्क आयुर्वेद औषधि वितरण, आयुर्वेद सम्बन्धी जानकारी गराउने, आदि ।
- जिल्लाको आधिकारिक आयुर्वेद संस्थाको रुपमा काम गर्ने ।

# २ कास्की जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु

क) गण्डकी आयुर्वेद अस्पताल, लेखनाथ, पोखरा २६

ख) शिशुवा आयुर्वेद औषधालय, शिशुवा पोखरा ३०

ग) वेगनास आयुर्वेद औषधालय, वेगनास पोखरा ३१

घ) देउराली आयुर्वेद औषधालय, देउराली रुपा ५

ङ) हंसपोखरी आयुर्वेद औषधालय, हंसपोखरी रुपा ७

च) लुम्ले आयुर्वेद औषधालय, लुम्ले अन्नपूर्ण  ६

छ) भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, माछापुच्छ्रे गाँउपालिकामा एकिकृत आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रम संचालन

ज) नागरिक आरोग्य सेवा केन्द्र, मादि गाँउपालिका, सिक्लेस

झ) नागरिक आरोग्य सेवा केन्द्र, माछापुच्छ्रे गाँउपालिका, भेडावारी

# ३ अस्पतालको भौतिक पूर्वाधार

| क्र.स | कार्यालयको नाम | स्थापना मिति | जग्गाको क्षेत्रफल | भवनको विवरण (कच्ची/पक्की,आफ्नै/भाडाको) | कम्पाउन्ड वाल्ड(छ, छैन) | स्टाफ क्वाटर (छ,छैन/प्रयाप्त,अप्रयाप्त) | खानेपानीको व्यवस्था (छ/छैन) | सवारी साधन (छ,छैन/प्रयाप्त,अप्रयाप्त) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गण्डकी आयुर्वेद अस्पताल | २०२४ | 2-5-2-3<br>1-4-3-3 | ३ भवन<br>खाली जग्गा | छ | छैन | छ | पिकअप जिप १ थान,<br>स्कूटर १ थान संचालनमा रहेको | |

## कास्की जिल्ला स्थित आयुर्वेद संस्थाहरु :




# ४. अस्पतालको संगठन संरचना र शाखाहरुको जिम्मेवारी

## ४.१ : अस्पतालको संगठन संरचना :



४.२ : अस्पतालमा कर्मचारी दरबन्दी तथा पदपुर्तीको विवरण :

| क्र. सं. | सेवा | समूह | उपसमूह | पद | पद | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश स्वास्थ्य | आयुर्वेद | जनरल आयुर्वेद | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ९/१० | ० | १ | |
| २ | प्रदेश स्वास्थ्य | आयुर्वेद | काय चिकत्सा | कन्सल्टेन्ट काय-चिकित्सक | ९/१० | ० | १ | |
| ३ | प्रदेश स्वास्थ्य | आयुर्वेद | शल्य तथा संज्ञाहरण | कन्सल्टेन्ट शल्य-चिकित्सक | ९/१० | ० | १ | |
| ४ | प्रदेश स्वास्थ्य | आयुर्वेद | स्त्रीरोग तथा प्रसुती | कन्सल्टेन्ट स्त्रीरोग तथा प्रसुती | ९/१० | ० | १ | |
| ५ | प्रदेश स्वास्थ्य | आयुर्वेद | जनरल आयुर्वेद | आयुर्वेद चिकित्सक | ८ | १ | ३ | |
| ६ | प्रदेश स्वा. | फिजियोथेरापी | - | फिजियोथेरापिष्ट | ७/८ | ० | १ | |
| ७ | प्रदेश स्वास्थ्य | मे. ल्याव टेक्नोलोजी | ज.मे.ल्या.टे | ल्याब टेक्निसियन | ५/६/७ | ० | १ | |
| ८ | प्रदेश स्वा. | रेडियोग्राफी | रेडियोग्राफी | रेडियोग्राफर | ५/६/७ | ० | १ | |
| ९ | प्रदेश स्वास्थ्य | विविध | एनेस्थेसिया | एनेस्थेसिया सुपरभाइजर | ५/६/७ | ० | १ | |
| १० | प्रदेश स्वास्थ्य | आयुर्वेद | जनरल आयुर्वेद | कविराज | ५/६/७ | ३ | ० | |
| ११ | प्रदेश स्वास्थ्य | अकुपंचर | - | अकुपंचर सुपरभाइजर | ५/६/७ | ० | १ | |
| १२ | प्रदेश स्वा. | जनरल नर्सिङ | - | स्टाफ नर्स | ५/६/७ | २ | २ | |
| १३ | प्रदेश स्वास्थ्य | मेडिकल रेकर्ड | - | मेडिकल रेकर्ड सुपरभाइजर | ५/६/७ | ० | १ | |
| १४ | प्रदेश स्वास्थ्य | प्रशासन | - | बरिष्ठ प्रशासन सहायक | ५/६ | ० | १ | |
| १५ | प्रदेश स्वास्थ्य | लेखा | - | बरिष्ठ लेखा सहायक | ५/६ | १ | ० | |
| १६ | प्रदेश स्वा. | आयुर्वेद | ज.आयुर्वेद | वैद्य | ४/५/६ | १ | ० | |
| १७ | प्रदेश स्वास्थ्य | विविध | - | हलुका सवारी चालक | श्रेणी विहिन | १ | ० | |
| १८ | प्रदेश स्वा. | विविध | - | कार्यालय सहयोगी | श्रेणीविहिन | ४ | ० | |

## ४.३ अस्पतालमा कार्यरत र यस अस्पताल अन्तरगत कार्यरत कर्मचारी संख्या र कार्य बिवरणः

| क्र.सं. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम, थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा.शंकर गौतम | नि.अस्पताल प्रमुख | |
| २ | बरिष्ठ कविराज निरिक्षक | सातौं | श्री ज्ञानु ढुंगाना | स्वास्थ्य मन्त्रालय काज | |
| ३ | सहायक लेखा अधिकृत | छैठौं | श्री मित्रबन्धु पौडेल | लेखा प्रशासन | |
| ४ | कविराज निरिक्षक | छैठौं | श्री रामकृष्ण भूजेल मगर | प्रशासन, सूचना अधिकारी, अस्पताल व्यवस्थापक, स्टोर | |
| ५ | अस्पताल नर्सिगं निरिक्षक | छैठौं | श्री अन्जु कुमारी शर्मा | नर्सिङ विभाग | |
| ६ | कविराज | पाँचौं | श्री द्रोणा गिरी | प्रशासन, फार्मेसी, पंचकर्म | |
| ७ | स्टाफ नर्स | पाँचौं | श्री बिमला अधिकारी | नर्सिङ विभाग | |
| ८ | वैद्य निरिक्षक | छैठौं | श्री सीता शर्मा | तथाङ्क, औषधी वितरण | |
| ९ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | नवौं | डा.दीक्षा पौडेल | कार्यक्रम करार | |
| १० | कन्सल्टेन्ट कायचिकित्सक | नवौं | डा.सुनीता आचार्य | छात्रवृत्ति करार | |
| ११ | आयुर्वेद चिकित्सक | आठौं | डा.नारायण पाण्डे | कार्यक्रम करार | |
| १२ | आयुर्वेद चिकित्सक | आठौं | डा.विपिन वन्धु आचार्य | छात्रवृत्ति करार | |
| १३ | कविराज | पाचौं | श्री मनिषा कटुवाल | कार्यक्रम करार | |
| १४ | ल्याब टेक्निसियन | पाँचौ | श्री अभिषेक पहारी | कार्यक्रम करार | |
| १५ | अकुपञ्चर सहायक | पाचौं | श्री सोस्तिका श्रेष्ठ | दरबन्दी करार | |
| १६ | स्टाफ नर्स | पाचौं | श्री संगम बस्नेत | दरबन्दी करार | |
| १७ | स्टाफ नर्स | पाचौं | श्री निशा बस्याल | दरबन्दी करार | |
| १८ | वैद्य | चौथो | श्री तृष्णा चौधरी | कार्यक्रम करार | |
| १९ | अ.न.मी. | चौथो | श्री नितु त्रिपाठी | कार्यक्रम करार | |
| २० | हलुका सवारी चालक | प्रथम | श्री किरन बहादुर थापा | दरबन्दी करार | |
| २१ | अभ्यङ्गकर्ता | प्रथम | श्री अन्जु पूर्वे | कार्यक्रम करार | |
| २२ | अभ्यङ्गकर्ता | प्रथम | श्री पवन मणि लामिछाने | कार्यक्रम करार | |
| २३ | अभ्यङ्गकर्ता | प्रथम | श्री गोविन्द बहादुर थापा | कार्यक्रम करार | |
| २४ | अभ्यङ्गकर्ता | प्रथम | श्री अन्जु अधिकारी | कार्यक्रम करार | |
| २५ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री कविता अधिकारी | दरबन्दी करार | |
| २६ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री शोभा खनाल | दरबन्दी करार | |
| २७ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री सन्देश लामिछाने | दरबन्दी करार | |
| २८ | आयुर्वेद चिकित्सक | आठौं | डा.अर्जुन सापकोटा | कार्यक्रम करार, भेडावारी प्रा.स्वा.केन्द्र, भिंडावारी | |
| २९ | अभ्यङ्गकर्ता | प्रथम | श्री मन्जु ढुंगाना | | |

## ५. निजी र सामुदायिक आयुर्वेद स्वास्थ्य संस्थाको विवरण

❖ कुनै पनि संस्थाले यस कार्यालयबाट अनुमति लिएको छैन ।

## ६. बिरामी तथ्याङ्क विवरण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | गण्डकी आयुर्वेद अस्पतालका जम्मा बिरामी संख्या (बहिरगं) | १९०९३ |
| २. | स्तनपायी सेवाग्राहीको संख्या | २४९ |
| ३. | जेष्ठनागरिक सेवाका जम्मा संख्या | ९३४२ |
| ४. | पञ्चकर्म सेवा/पूर्वकर्मसेवाका जम्मा बिरामी संख्या | १७१७० |
| ५. | आयुर्वेद स्वास्थ्य शिविर | ११३७ |
| ६. | ल्याब परिक्षण | १९३१ |
| ७. | क्षारसूत्र, शल्य, कर्म अकुपञ्चर र अन्य | ३९५४ |
| | **कूल बिरामी संख्या** | **५२८७६** |

# गण्डकी प्रदेशबाट प्राप्त वार्षिक कार्यक्रम अर्न्तगत सम्पादन गरेका कार्यक्रमहरुको विवरण :

## प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद :

### पृष्ठभूमिः

अस्पतालमा आउने बिरामीहरुको प्रयोगशाला परीक्षण गरी रोगको निदान साथै रोगको अवस्था पहिचान गरी सेवालाई थप प्रभावकारी र गुणस्तरीय प्रदान गर्न यो कार्यक्रम राखिएको हो।

### उद्देश्यः

अस्पतालमा प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्नु ।

### कार्यक्रम संचालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार प्रयोगशाला संचालन गर्न आवश्यक सामाग्रीहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय रिएजेन्ट एवं सामाग्रीहरु खरिद गरी प्रयोगशाला संचालन गरियो ।

### प्रतिफलः

गण्डकी आयुर्वेद अस्पतालमा आउने बिरामीहरुको लागि प्रयोगशाला सेवा सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरुको सहज उपलब्धता भई रोगको निदान एवं उपचार गर्न सहयोग पुगेको पाइयो ।

**लाभाम्वित संख्या - १९३१**

## क्षारसूत्र व्यवस्थापन कार्यक्रम :

### पृष्ठभूमिः

आयुर्वेद चिकित्सा बिज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै अस्पतालमा सेवा बिस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा  सेवा उपलब्ध गराउने अभिप्रायका साथ अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि क्षारसूत्र सेवा संचालनका साथै आयुर्वेद स्वास्थ्य सूचना प्रणालीको चुस्त व्यवस्थापनको लागि आवश्यक सहयोग गर्न अनमी स्वास्थ्यकर्मी सेवा करारमा लिन तथा कार्यक्रम संचालनका लागि यो कार्यक्रम आवश्यक परेको हो।

### उद्देश्यः

क्षारसूत्र चिकित्साको माध्यमबाट अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि आवश्यक पर्ने एक अनमी करार सेवामा नियुक्त गरी र सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

### कार्यक्रम सञ्चालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार क्षारसूत्र सेवा संचालनका लागि आवश्यक सामाग्रीहरुको लागत अनुमान सुची, स्पेसिफिकेसन एवम् परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी क्षारसूत्रका लागि आवश्यक उपकरणहरु खरिदका साथ "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" को दफा ६(२) बमोजिम गठित पदपूर्ति, अन्तरवार्ता तथा सिफारिस समितिको सिफारिस पत्रानुसार एक अनमी सेवा करारमा नियुक्त गरी सेवा संचालन गरिएको हो ।

### प्रतिफलः

क्षारसूत्र चिकित्सा सेवा सुचारु भई अर्श, भगन्दर लगायतका रोगीहरुले स्वास्थ्य लाभ गरेका छन् ।

**लाभाम्वित संख्या - ३९५४**

## गुदारोग स्क्रिनिङ्ग तथा उपचार कार्यक्रम :

### पृष्ठभूमि/बिबरण :

अस्वस्थकर आहार विहारको कारण गुदारोग पाईल्स फिस्टुला फिसर लगायतका समस्या बढ्दै गईरहेको छ । यस्ता समस्याहरुको प्रारम्भिक चरणमै परीक्षण गरी व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा गुदारोग स्क्रिनिङ्ग तथा उपचार सेवा प्रवाह गर्नु।

### कार्यक्रम सञ्चालनः

कास्की जिल्ला अन्तरगत गुदारोगको स्क्रिनिङ्ग कार्यक्रम संचालन गरि शल्यक्रियाका आवश्यक विरामीहरुको पहिचान गरी अस्पतालमा निःशुल्क शल्यक्रिया सेवा प्रदान गरियो ।

### गुदा रोग स्क्रिनिङ तथा उपचार कार्यक्रम सञ्चालन स्थानहरु :

- २०८२ कात्तिक १४ गते शिशुवा आयुर्वेद औषधालय, शिशुवा
- २०८२ कात्तिक ३० गते देउराली आयुर्वेद औषधालय, देउराली
- २०८२ मंसिर ४ गते भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, भेडावारी
- २०८२ मंसिर २८ गते स्वास्थ्य प्रवर्धन केन्द्र, नयाँवजार
- २०८३ बैशाख १७ अन्नपूर्ण गाँउपालिका, वडा नं. ०२, अन्नपूर्ण आधारभूत अस्पताल, नाउँडाँडा

### प्रतिफल :

गुदारोगसँग सम्वन्धित विरामीहरुले गण्डकी आयुर्वेद अस्पताल कास्कीबाट उपचार सेवा प्राप्त गरी स्वास्थ्य लाभ गरेका छन् ।

# आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई पूर्वकर्म/सहायक कर्म सम्बन्धी तालिम :

## पृष्ठभूमि/बिबरण :

आयुर्वेद स्वास्थ्य सेवा थप प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरुलाई पूर्वकर्म/सहायक कर्म सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धिका लागि तालिम प्रदान गर्न यो कार्यक्रम राखिएको हो ।

## उद्देश्यः

आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई पूर्वकर्म/सहायक कर्म सम्बन्धी तालिम प्रदान गर्नु ।

## अपेक्षित प्रतिफलः

नसर्ने रोगको रोकथाम एवं नियन्त्रण र व्यवस्थापन सम्बन्धि कर्मचारीहरुको ज्ञान सीप धारणा र क्षमता अभिवृद्धि भई सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त गरेका हुनेछन् ।

## कार्यक्रम सञ्चालनः

गण्डकी आयुर्वेद अस्पताल तथा प्रदेश आयुर्वेद चिकित्सालयका (मनाङ, लमजुङ, गोर्खा, नवलपरासी बर्धघाट सुस्तापूर्व र तनहुँ) आयुर्वेद स्वास्थ्यकर्मीहरुको सहभागितामा आयुर्वेद चिकित्सालयका, दमौली, तनहुँमा ३ दिन तालिम संचालन गरियो ।

- प्रथम चरणमा बैठक बसी तालिम सञ्चालन हुने मिति, सहभागी र प्रशिक्षकका बारेमा छलफल गरियो।
- गण्डकी आयुर्वेद अस्पताल निर्माणाधिन अवस्थामा रही स्थान अभावका कारण प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँसँगको सहजीकरणमा दमौलीमा बैठक बसी प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा तालिम संचालन गर्ने निर्णय गरियो ।
- तालिमका लागि खर्च मापदण्डको परिधि भित्र रही टिप्पणी तयार गरि पेश गरियो।
- आयुर्वेद अस्पताल, प्रदेश आयुर्वेद चिकित्सालयहरु तथा अन्य स्वास्थ्य संस्थाहरूसंग समन्वय गरी यस तालिमका लागि प्रशिक्षक साथै सहभागीहरुको छनौट र पत्राचार गरियो ।
- तालिमका लागि आवश्यक सामग्री तथा स्टेशनरीको व्यवस्थापन तथा खरीद गरियो ।
- तालिम पश्चात् सहभागीहरुलाई प्रमाणपत्र वितरण गरियो ।

## पंचकर्म/पूर्वकर्म कार्यक्रम सामाग्री खरिद संचालन एवं व्यवस्थापन :

**पृष्ठभूमि/बिबरण :**

आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै अस्पतालमा सेवा विस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण साथै सामाग्रीहरु खरिद गरि सेवा संचालन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

**उद्देश्यः**

पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**कार्यक्रम सञ्चालनः**

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी स्नेहन स्वेदन पूर्वकर्म सेवा नियमित संचालन गरियो।

**प्रतिफलः**

पंचकर्म/पूर्वकर्म सेवा सुचारु भई रोगीहरुले स्वास्थ्य लाभ गरेका छन् ।

**लाभाम्वित सेवा संख्या - १७१७०**

## आयुर्वेद सम्वन्धी आधारभूत तथा अत्यावश्यक औषधी खरिद :

### पृष्ठभूमिः

अस्पताल मार्फत प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवा, प्राथमिक उपचारका लागि अत्यावश्यक औषधि तथा औषधि जन्य सामाग्रीहरुको खरिद गरी आयुर्वेद स्वास्थ्य सस्थाहरुबाट गुणस्तरीय सेवा प्रदानको लागि यो कार्यक्रम राखिएको छ ।

### उद्देश्यः

- निःशुल्क औषधिहरु सहितको सेवा निरन्तर प्रवाह गर्ने ।

### कार्यक्रम सञ्चालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार अस्पतालमा आवश्यक औषधिहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय **GMP certified** औषधि खरिद गरियो।

### प्रतिफलः

आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरुको नियमित उपलब्ध गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान भएको ।

**लाभाम्वित संख्या - १९०९३**

## स्वस्थ जीवनशैली कार्यक्रम :

### पृष्ठभूमि/बिबरण :

आयुर्वेद चिकित्सामा स्वस्थ जीवन प्राप्तिको लागी स्वस्थकर आहार (खानपान), स्वस्थकर विहार (व्यवहार र आचरण ) र असल विचार (सात्विक मन) लाई प्रमुख मानिएको छ । यसका लागी प्रकृति, रस र ऋतु अनुसारका खानपान, अष्टविध आहार विशेषायतन, आहार परिणामकर भावहरु, विरुद्ध आहारहरु, दिनचर्या, सदवृत र स्वस्थवृतका पालन, योगाभ्यास/ व्यायाम जस्ता महत्वपूर्ण कुराहरु आयुर्वेदमा वर्णित छन् । खानपिनकै कारणले नसर्ने रोग लगायत अन्य कुपोषणजन्य रोग लाग्न नदिन प्रशोधित तथा पत्रु खानाको उपभोगलाई निरुत्साहित गर्नका लागि समुदायस्तरमा जनचेतना अभिवृद्धि गरी आफ्नो घर वरपरका करेसाबारीमा उत्पादित रैथाने तथा स्वस्थकर खानपान गर्ने बानीको विकास तथा शारीरिक व्यायाम एवं योगाभ्यासलाई नियमित गरी समुदायको स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

नागरिकहरुमा स्वस्थकर आहार, विहार, आचार र विचारको प्रवर्धन गरी स्वस्थ जीवनयापन गराउनु ।

### कार्यक्रम सञ्चालनः

कास्की जिल्ला भित्र रहेका महिला/आमासमूह र युवा समुहलाई समेटी आयुर्वेद सिद्धान्तमा आधारित भान्सा सुधार आरोग्यको आधार अभियान र स्वास्थ्य जीवनशैली कार्यक्रम संचालन बिधि सहितको बिषयबस्तु तयार गरी कार्यक्रम संचालन गरियो ।

### कार्यक्रम सञ्चालन स्थानहरु :

- पोखरा महानगरपालिका, वडा नं.-३३, बागमारा
- रुपा गाँउपालिका, वडा नं.-१, स्याख्री
- पोखरा महानगरपालिका, वडा नं.-८, नयाँबजार
- पोखरा महानगरपालिका, वडा नं.-३१, बेगनास
- अन्नपूर्ण गाँउपालिका, वडा नं.-६, लुम्ले

### प्रतिफल :

स्वस्थ आयुर्वेद जीवनशैलीसँग सम्बन्धित बढदो क्रममा चुनौतीको रुपमा रहेका नसर्ने रोगहरुको न्यूनीकरणमा टेवा पुगेको छ ।समुदायले स्वस्थ आयुर्वेद जीवनशैली सम्बन्धि जानकारी प्राप्त गरि अवलम्वन गरेको छ ।

**सहभागी संख्या : २०१ जना**

# आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम :

## पृष्ठभूमिः

जिल्लामा आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुका अलावा स्थानीय निकाय अन्तर्गत संचालित औषधालयहरु एवं संघीय कार्यक्रम अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गर्न यो कार्यक्रम राखिएको हो ।

## उद्देश्यः

नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्नु ।

## कार्यक्रम संचालनः

२०८३/०२/३०, ३१ र आषाढ १ गते सम्म संचालित तालिममा कास्की जिल्ला स्थित सम्पूर्ण पालिकाका आयुर्वेद संयोजकका साथ आयुर्वेद स्वास्थ्यकर्मीहरु, नागरिक आरोग्य केन्द्रका अभियानकर्ताहरू, भेडावारी प्राथमिक स्वास्थ्य केन्द्रमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद सेवा कार्यक्रममा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरु तथा गण्डकी आयुर्वेद अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम :

### पृष्ठभूमिः

गण्डकी प्रदेश सरकार मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड अनुगमन समीक्षा तथा फलोअप गर्नका लागि यो कार्यक्रम राखिएको हो।

### उद्देश्यः

गण्डकी प्रदेश सरकार मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा उपलब्धताको मूल्यांकन गरी आवश्यकता अनुसार सुदृढीकरण गर्नु।

### कार्यक्रम संचालनः

यस कार्यक्रम अन्तर्गत विभिन्न चरणमा यस अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुगमन मुल्याङ्कनबाट प्राप्त नतिजा अनुसार मापदण्ड अनुसार अपुग देखिएका सामान औजार उपकरणहरु क्रमिक रुपमा पूर्ति गर्ने क्रममा खरिद योजना तयार गरी एवं कार्यान्वय गरियो।

गण्डकी प्रदेश, स्वास्थ्य मन्त्रालय सहितको चिकित्सकीय विज्ञबाट आ.व. २०८२/८३ को न्यूनतम सेवा मापदण्ड द्रोस्रो मुल्याङ्कनमा यस अस्पताललाई २५.८१% प्राप्त भयो ।

## जडिबुटीबाट चूर्ण औषधि निर्माण (जडिबुटी खरिद) :

### पृष्ठभूमिः

स्थानीय स्तरमा उपलब्ध जडिबुटिहरुको प्रयोग गरी गुणस्तरीय आयुर्वेद औषधी निर्माण गरेर अन्य प्रदेश आयुर्वेद चिकित्सालयहरु एवं बिरामीहरुलाई निःशुल्क उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

बिरामीहरुलाई गुणस्तरीय आयुर्वेद औषधी उपलब्ध गराउनु ।

### कार्यक्रम संचालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार आवश्यक जडिबुटिहरुको सुची,

स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय जडिबुटिहरु खरिद गरियो। खरिद गरिएका जडिबुटिहरु शास्त्रीय विधि अनुरुप निर्माण गरी प्याकेजिङ लेवलिङ गरी प्रदेश आयुर्वेद चिकित्सालयहरु एवं बिरामीहरुलाई निःशुल्क वितरण गरियो ।

**निर्माण गरीएका औषधीहरुः**

अविपत्तिकर चूर्ण, हिंवाष्टक चूर्ण, आमलकी चूर्ण, सितोपलादी चूर्ण, त्रिफला चूर्ण, अश्वगन्धा चूर्ण, दशमूल क्वाथ, यष्टिमधु चूर्ण, हरितकी चूर्ण र त्रिकटु चूर्ण ।

## औषधालयमा IPD सेवा सुचारु गर्नको लागि विशेषज्ञ चिकित्सक एवं अन्य कर्मचारी व्यवस्थापन :

**पृष्ठभूमिः**

स्वास्थ्य संस्थामा लामो समयसम्म बसी उपचार सेवा लिनुपर्ने बिरामीहरुलाई सहज रुपमा आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा २५ शैय्यायुक्त अन्तरंग सेवा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

**उद्देश्यः**

गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अन्तरंग सेवा सञ्चालन गर्नु ।

**कार्यक्रम संचालनः**

गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ अनुसार अघिल्लो आ.व.मा आयुर्वेद सेवा विस्तार कार्यक्रममा सेवा करारमा नियुक्ति भएका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा निरन्तरता दिदै थप प्राविधिक जनशक्तिहरुलाई करार सेवामा नियुक्त गरी सेवा थप एवं प्रभावकारी हुने गरी सम्पन्न गरियो।

**जनशक्तिहरुः**

कन्सल्टेन्ट आयुर्वेद विज्ञ १
आयुर्वेद चिकित्सक १
कविराज १
स्टाफ नर्स ४
अभ्यङ्गकर्ता २

## औषधी एवं औषधीजन्य सामग्री ढुवानी :

### पृष्ठभूमिः

आयुर्वेद स्वास्थ्य संस्थाहरुका लागि निःशुल्क वितरण गर्न आवश्यक औषधि र सामग्रीहरु नागरिक आरोग्य सेवा केन्द्रहरुमा आपूर्ति व्यवस्था मिलाउनका साथै जिल्लाका विभिन्न स्थानमा गएर आयुर्वेद सेवा तथा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गर्न सहजताको लागि यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

औषधि र अन्य सामाग्रीहरुको सहज आपूर्ति गर्नु ।

### कार्यक्रम संचालनः

अस्पताललाई आवश्यक औजार उपकरणहरु मनाङ, मुस्ताङ, लमजुङबाट ढुवानी गरी ल्याईएको तथा चूर्ण औषधी निर्माण गरी गोरखा अस्पताल लगायतका चिकित्सालयहरुमा ढुवानी गरीएको ।

## भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, कास्कीमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका जनशक्ति व्यवस्थापन [निरन्तरता] :

### पृष्ठभूमिः

प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने संवैधानिक अधिकार भएकोले सेवाग्राहीको छनौटको आधारमा आयुर्वेद वा आधुनिक चिकित्सा पद्धति एकै छानामुनिबाट एकीकृत सेवा प्रदान गर्न यो कार्यक्रम नमुनाको रुपमा संचालन गर्न राखिएको छ ।

### उद्देश्यः

भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा एकीकृत चिकित्सा सेवा प्रदान गर्नु ।

### कार्यक्रम सञ्चालनः

गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ अनुसार अघिल्लो आ.व.मा आयुर्वेद सेवा विस्तार कार्यक्रममा सेवा करारमा नियुक्ति भएका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा निरन्तरता दिदै थप प्राविधिक जनशक्तिहरुलाई करार सेवामा नियुक्त गरी सेवा थप एवं प्रभावकारी हुने गरी सम्पन्न गरियो।

**जनशक्तिहरुः**

आयुर्वेद चिकित्सक १ वैद्य १ अभ्यङ्गकर्ता १

**लाभाम्वित संख्या - ३२५९**

# स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्वोधनका लागि विशेष कार्यक्रम :

## पृष्ठभूमिः

जनसंख्याको संरचना स्वास्थ्य सेवाको पहुँच, भौगोलिक अवस्थिती, साक्षरता लगायतका विभिन्न कारण स्थानीय तहमा फरक फरक स्वास्थ्य समस्याहरु देखिन्छन् । धेरैजसो स्थानमा यस्ता समस्या समयमै पहिचान र सम्बोधन हुन नसक्दा रोगको बोझ बढ्ने, सेवा प्रवाह कमजोर हुने र जनस्वास्थ्यमा नकारात्मक असर पर्ने अवस्था रहेको छ। त्यसैले स्थानीय तहका स्वास्थ समस्याहरुको पहिचान तथा सम्बोधनका लागि यो कार्यक्रम राखिएको हो ।

## उद्देश्यः

स्थानीय तहका स्वास्थ समस्याहरुको पहिचान गरि समाधान गर्नु ।

## कार्यक्रम संचालन:

मिति २०८२/०७/२३ गते रुपा गाँउपालिका, कास्कीसँग सम्झौता गरी प्रत्येक महिनाको अन्तिम दिन देउराली आयुर्वेद औषधालय, देउरालीमा गण्डकी आयुर्वेद अस्पतालबाट निःशुल्क चिकित्सकीय परामर्श सेवा प्रदान गरिएको ।

मिति २०८२/०७/३० गते पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखा, पोखरासँग सम्झौता गरी प्रत्येक महिनाको १४ गते शिशुवा आयुर्वेद औषधालय, गुम्वजमा गण्डकी आयुर्वेद अस्पतालबाट निःशुल्क चिकित्सकीय परामर्श सेवा प्रदान गरिएको ।

कास्की जिल्ला अन्तरगतका सम्पूर्ण आयुर्वेद औषधालयहरुको न्यूनतम सेवा मापदण्डको मुल्याङ्कन सम्पन्न गरी सम्वन्धित पालिकाका स्थानीय प्रतिनिधि एवं कर्मचारी सहित सम्वन्धित आयुर्वेद औषधालयको न्यूनतम सेवा मापदण्डको मुल्याङ्कन प्रस्तुतीकरणबाट औषधालयको गुणस्तर अभिवृद्धि तथा सेवा सुदृढीकरणको लागि आवश्यक सुझाव प्रदान गरिएको ।

## राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति,ध्यान दिवस, राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम :

### पृष्ठभूमिः

आयुर्वेद एवं बैकल्पिक चिकित्सा जगतमा धन्वन्ती र राष्ट्रिय एवं अन्तराष्ट्रिय योग दिवस मनाउने प्रचलन रहेको छ । सरोकारवालाहरुको सहभागितामा विभिन्न दिवसहरु मनाएर आयुर्वेद एवं योगबारे जनचेतना फैलाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, ध्यान दिवस, राष्ट्रिय योग र अन्तराष्ट्रिय योग दिवस मनाई जनचेतना फैलाउनु ।

### कार्यक्रम संचालनः

मिति २०८२/०७/०२ गते बिहान "आरोग्यताको आधार, योग, ध्यान र आयुर्वेद उपचार" भन्ने आदर्श वाक्य सहित प्रवचन, धन्वन्तरी पुजन, धन्वन्तरी बन्दना र अन्तरक्रिया सहित प्रसाद ग्रहण गरि सम्पन्न भयो । कार्यक्रममा सहभागीलाई स्वागत सहित कार्यक्रम संयोजन सीता शर्माले गर्नु भएको थियो, धन्वन्तरी बन्दना र पुजामा सहजीकरण डा. विपिन बन्धु अर्यालले गर्नु भएको थियो भने उपस्थित सम्पूर्णबाट धन्वन्तरिको प्रतिमामा पुजा अर्चना भएको थियो ।

मिति २०८२/०९/०५ गते बिहान "विश्व शान्ति र सद्भभावका लागि ध्यान" भन्ने आदर्श वाक्य सहित माछापुच्छ्रे गाँउपालिका-७, धम्पुस अवस्थित ईको पार्कका सदस्यहरु सहित स्थानीयहरुको सहभागितामा आयुर्वेद, योग ध्यान सम्वन्धि अन्तरक्रिया सहित ध्यानको अभ्यास गरि सम्पन्न भयो । कार्यक्रमका सभाध्यक्ष गण्डकी आयुर्वेद अस्पताल प्रमुख डा. शंकर गौतम ज्यूको आयुर्वेद, योग तथा ध्यान सम्वन्धि प्रस्तुतीकरण सहित समापन भएको सो कार्यक्रममा सहभागीलाई ध्यान अभ्यास सहजीकरण डा. रामकृष्ण भूजेलले गर्नु भएको थियो ।

"स्वस्थ समाज, समृध्द नेपाल र विश्व शान्तिको लागी योग" भन्ने आदर्श वाक्यका साथ आ.व.२०८२/८३ मा प्रादेशिक आयुर्वेद चिकित्सालय/अस्पतालहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको सञ्चालन मापदण्ड-२०८२, मार्गदर्शनमा तोकिए अनुसार तय भएको कार्यक्रम गण्डकी आयुर्वेद अस्पतालको आयोजनामा मिति २०८२/१०/०१ गते बिहान ०७:०० बजे गण्डकी प्रदेश सरकारका प्रमुख सचिव श्रीमान् डण्डुराज घिमिरे कास्की प्रमुख जिल्ला अधिकारी श्रीमान् रुद्रादेवी शर्मा सहायक प्रमुख जिल्ला अधिकारी श्रीमान् रुक्माङ्गत बराल प्रहरी उपरिक्षक

श्री नबिन कार्की २३ नं वडा सदस्य चेत बहादुर क्षेत्री लगायत गण्डकी आयुर्वेद अस्पतालका सम्पूर्ण कर्मचारी एवं सर्वसाधारण सहित योगाभ्यास एवं अन्तरक्रिया सहित सम्पन्न भयो ।

पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखाको समन्वय एवं ३० नं. वडा कार्यालयको स्थानीय आयोजनामा श्री त्रिभुवन शान्ति नमुना मा.वि., खुदीमा "सिंगो पृथ्वी, समग्र स्वास्थ्यका लागी योग" भन्ने मूल नाराका साथ योगाभ्यास सहित निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मिति २०८३/०३/०७ गते "स्वस्थ वृद्धावस्थाका लागि योग" भन्ने आदर्श वाक्य सहित पोखरा महानगरपालिका-२६, तालवेसी अवस्थित शान्तिप्रेमी आमा समूह भवनमा तालवेसी जेष्ठनागरिक सेवा केन्द्रका सदस्यहरु सहित स्थानीयहरुको सहभागितामा आयुर्वेद, योग ध्यान सम्वन्धि अन्तरक्रिया सहित योग र ध्यानको अभ्यास गरि अन्तराष्ट्रिय योग दिवस सम्पन्न भयो ।

## स्थानीय तहको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, तथ्यांक विश्लेषण, बार्षिक समिक्षा :

### पृष्ठभूमिः

स्थानीय तह स्थित आयुर्वेद औषधालयबाट प्रदान गरिएको सेवाको अभिलेख र रिपोर्ट चुस्त दुरुस्त राख्न, अनुशिक्षण गर्न र जिल्ला स्थित सम्पूर्ण आयर्वेद स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

आयुर्वेद सेवासम्बन्धी तथ्याङ्कहरुको अभिलेख तथा प्रतिवेदनमा पूर्णता, एकरुपता, आधिकारिकता, निरन्तरता र विश्वसनियता कायम गरी कार्यक्रमहरुको समिक्षा गर्नु ।

### कार्यक्रम संचालन :

कास्की जिल्ला भित्र संचालित विभिन्न आयुर्वेद औषधालय एवं नागरिक आरोग्य सेवा केन्द्रहरुलाई समेटी मिति २०८३/०१/१५ र १६ गते भावी कार्य योजना र अर्धवार्षिक समिक्षा सम्पन्न गरियो। समिक्षा पश्चात प्राप्त सुझाव एवं कमजोरी सम्बोधनार्थ आवश्यक स्थलगत पृष्ठपोषण एवं कार्यक्रम संचालन स्थिति बाधाहरु, सेवा प्रभावकारिता र गुणस्तरीयताका लागि छलफल गरी रेकर्डिङ र रिपोर्टिङ स्थलगत अनुशिक्षण गरी सम्पन्न गरियो।

## भर्ना भएका विरामीहरुका लागि खाद्यान्न :

### पृष्ठभूमिः

अन्तरंग सेवा लिन भर्ना भएका बिरामीहरुका लागि स्वस्थकर खाना उपलब्ध भएमा बिरामीको स्वास्थ्य अवस्थामा सुधार हुने भएकोले निःशुल्क रूपमा खाद्यान्न उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो।

### उद्देश्यः

भर्ना भएका बिरामीका लागि स्वस्थ खाना निःशुल्क रूपमा उपलब्ध गराउनु ।

### कार्यक्रम संचालनः

अस्पतालको पायक पर्ने क्यान्टिनसंग प्रचलित कानून बमोजिम सम्झौता गरी अन्तरंग सेवाका लागि भर्ना भएका बिरामीहरुलाई शाकाहारी भोजन उपलब्ध गराईयो ।

## स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/ औषधि प्रवर्द्धन कार्यक्रम

### पृष्ठभूमिः

नवजात शिशुको पोषण र स्वास्थ्यमा आमाको दुध अत्यावश्यक हुन्छ विभिन्न स्वास्थ्य समस्याका कारण आमाहरुले आवश्यक मात्रामा दुध उत्पादन गर्न नसक्ने स्थितिमा दुग्धबर्धक जडिबुटीहरुले निकै मद्दत गर्दछन यसै सन्दर्भमा मातृशिशु सुरक्षाका लागि दुग्धबर्धक जडिबुटी र औषधिको प्रवर्धन कार्यक्रम राखिएको छ ।

### उद्देश्यः

स्तनपान गराउने आमाहरुलाई दुग्धबर्धक जडिबुटी तथा औषधिहरुको प्रयोगबारे जानकारी दिनु र प्रयोगका लागि प्रोत्साहन गर्नु एवं औषधिको व्यवस्था गर्नु ।

### कार्यक्रम संचालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार आवश्यक गुणस्तरीय औषधिहरु खरिद गरि एवं स्तनपान एवं स्तन्यबर्द्धक औषधीको प्रयोगकोबारे जानकारी दिने स्वास्थ्य शिक्षा सामग्री छपाई गरी निःशुल्क वितरण गरियो ।

खोप क्लिनिक, Birthing Centerहरुमा कार्यरत कर्मचारीहरु एवं स्तनपायि आमाहरुलाई अभिमुखिकरण सम्पन्न गरियो ।

# मधुमेह उच्च रक्तचाप रक्तअल्पता मानिसक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम संचालन

## पृष्ठभूमिः

जीवनशैली आहार व्यवहार तथा मानसिक तनावका कारण मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगहरु बढ्दो अवस्थामा छन्। यस्ता रोगहरुको प्रारम्भिक पहिचान तथा रोकथाम गर्न सक्ने खालका समुदायमा आधारित कार्यक्रमहरुले दीर्घकालीनि स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुर्याउँछन् । नागरिकमा नसर्ने रोगको (मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य) समयमै स्क्रिनिङ गरी रोग पहिचान गर्न र सो रोगको उचित रोकथाम गर्नको लागि यो कार्यक्रम राखिएको हो ।

## उद्देश्यः

मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको प्रारम्भिक अवस्थामै पहिचान गरी रोकथामको कार्यक्रम गर्नु ।

## अपेक्षित प्रतिफल :

नागरिकले नसर्ने रोग सम्बन्धी परामर्शि सेवा प्राप्त गरी स्वास्थ्य लाभ गरेका हुनेछन् ।

## कार्यक्रम संचालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार आवश्यक गुणस्तरीय औषधिहरु खरिद गरि निःशुल्क वितरण गरियो ।

मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या सम्वन्धि जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य शिक्षा सामग्री छपाई गरि निःशुल्क वितरण गरियो ।

प्रदेशिक जनस्वास्थ्य केन्द्र कास्की र प्रादेशिक रोग नियन्त्रण केन्द्र पोखरासँगको सहकार्यमा रुपा गाँउपालिका देउराली र पोखरा वडा नं १ कार्यालयमा मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ गरि पहिचान गरिएका उच्च जोखिम समूहलाई परामर्श योगाभ्यास आयुर्वेद एवं योगमा आधारित जीवनशैली प्रशिक्षण आयुर्वेद औषधी वितरण एवं प्रेषण सेवा प्रदान गरियो ।

# योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम :

## पृष्ठभूमि/बिबरण :

नसर्ने रोग (जस्तैः मधुमेह, उच्च रक्तचाप, मोटोपन, हृदय रोग) र मानसिक स्वास्थ्य समस्या (जस्तैः तनाव, चिन्ता आदि)हरु जीवनशैलीसँग प्रत्यक्ष रुपमा सम्बन्धित छन् । नियमित योग, ध्यान तथा स्वस्थकर जीवनशैली अपनाउदा यस्ता रोगहरुबाट बच्न र नियन्त्रण गर्न सकिन्छ । समुदायमा योग, ध्यान तथा जीवनशैली परिमार्जनमार्फत रोग निवारण तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा टेवा पुर्याउन यो कार्यक्रम राखिएको हो ।

## उद्देश्यः

योग, ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन गर्नु ।

## कार्यक्रम सञ्चालनः

कास्की जिल्ला भित्र रहेका विद्यालय कार्यालय वृद्धाश्रम महिला/आमासमूह क्लबहरुसँग समन्वय गरी योग, ध्यान सम्बन्धि अभ्यास एवं अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।

## कार्यक्रम सञ्चालन स्थानहरु :

- माछापुच्छ्रे गाँउपालिका, वडा नं.-७, धम्पुस
- पोखरा महानगरपालिका, वडा नं.-२६, तालबेसी

## Ayurveda Package for NCDs तालिम :

### पृष्ठभूमि/बिबरण :

आयुर्वेद प्रणालीमा दीर्घरोग (Non-Communicable Diseases-NCDs) जस्तैः मधुमेह, उच्च रक्तचाप, जोर्नी दुखाई, मोटोपन, मानसिक स्वास्थ्य समस्या आदि रोगहरुको रोकथाम तथा व्यवस्थापनका लागि विशिष्ट उपचाचर विधि र जीवनशैली सुधारमा आधारित कार्यक्रमहरु उपलब्ध छन् । उक्त कार्यक्रमहरु अन्तर्गत स्वास्थ्यकर्मी तथा आयुर्वेद चिकित्सकहरुलाई NCDsको व्यवस्थापनमा केन्द्रित आयुर्वेद प्याकेजसम्बन्धी तालिम प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

### उद्देश्यः

कर्मचारीहरुलाई Ayurveda Package for NCDs तालिम प्रदान गर्नु ।

### अपेक्षित प्रतिफलः

नसर्ने रोगको रोकथाम एवं नियन्त्रण र व्यवस्थापन सम्बन्धि कर्मचारीहरुको ज्ञान सीप धारणा र क्षमता अभिवृद्धि भई सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त गरेका हुनेछन् ।

### कार्यक्रम सञ्चालनः

कास्की जिल्ला भित्र रहेका विद्यालय कार्यालय वृद्धाश्रम महिला/आमासमूह क्लबहरुसँग समन्वय गरी योग, ध्यान सम्बन्धि अभ्यास एवं अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।

### कार्यक्रम सञ्चालन स्थानहरु :

गण्डकी आयुर्वेद अस्पताल, प्रदेश आयुर्वेद चिकित्सालयहरु (मनाङ, लमजुङ, गोर्खा, नवलपरासी बर्धघाट सुस्तापूर्व र तनहुँ) एवं प्राथमिक स्वास्थ्य केन्द्रहरुका (भिडावारी र पुरण्डीही प्रा.स्वा.के.) आयुर्वेद स्वास्थ्यकर्मीहरुको सहभागितामा तनहुँ प्राविधिक शिक्षालय, भिमाद, तनहुँमा ६ दिन तालिम संचालन गरियो ।

- प्रथम चरणमा बैठक बसी तालिम सञ्चालन हुने मिति, सहभागी र प्रशिक्षकका बारेमा छलफल गरियो।
- गण्डकी आयुर्वेद अस्पताल निर्माणाधिन अवस्थामा रही स्थान अभावका कारण तनहुँ प्राविधिक शिक्षालय, तनहुँसँगको सहजीकरणमा भिमादमा बैठक बसी तनहुँ प्राविधिक शिक्षालय, भिमाद, तनहुँमा तालिम संचालन गर्ने निर्णय गरियो ।

- तालिमका लागि खर्च मापदण्डको परिधि भित्र रही टिप्पणी तयार गरि पेश गरियो।
- आयुर्वेद अस्पताल, प्रदेश आयुर्वेद चिकित्सालयहरु तथा अन्य स्वास्थ्य संस्थाहरूसंग समन्वय गरी यस तालिमका लागि प्रशिक्षक साथै सहभागीहरुको छनौट र पत्राचार गरियो ।
- तालिमका लागि आवश्यक सामग्री तथा स्टेशनरीको व्यवस्थापन तथा खरीद गरियो ।
- तालिम पश्चात् सहभागीहरुलाई प्रमाणपत्र वितरण गरियो ।

## नसर्ने रोगको एकीकृत व्यवसथापनका लागि औषधी एवं अन्य सामग्री खरिदः

### पृष्ठभूमिः

नवजात प्रदेश मातहत संचालित आयुर्वेद अस्पताल/प्रदेश आयुर्वेद चिकित्सालयमा आउने बिरामीहरुको नसर्ने रोग एकीकृत व्यवस्थापनका लागि औषधी एवं अन्य सामग्री खरिद गरी आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय तवरले संचालन गर्नको लागि यो कार्यक्रम राखिएको छ ।

### उद्देश्यः

नसर्ने रोगको एकीकृत व्यवस्थापनका लागि औषधी एवं अन्य सामग्री व्यवस्था गर्नु ।

### अपेक्षित प्रतिफलः

Ayurveda Package for NCDs बमोजिम नसर्ने रोगको एकीकृत व्यवस्थापन भई नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र व्यवस्थापन भएको हुनेछ ।

### कार्यक्रम संचालनः

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा आ.व.२०८२/८३ मा प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य संचालन मापदण्ड,२०८२ अनुसार आवश्यक गुणस्तरीय औषधिहरु खरिद गरि प्रत्येक हप्ताको बुधवार नसर्ने रोग क्लिनिक संचालन गरी निःशुल्क वितरण गरियो ।

# संघीय सरकारबाट प्राप्त शःसर्त तर्फ वार्षिक कार्यक्रम अर्न्तगत सम्पादन गरेका कार्यक्रमको विवरण :

## आयुर्वेद आधारभूत तथा अत्यावश्यक औषधी खरिद :

**पृष्ठभूमिः**

जिल्ला स्थित आयुर्वेद स्वास्थ्य सस्थाहरु मार्फत प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवा, प्राथमिक उपचारका लागि अत्यावश्यक औषधि तथा औषधि जन्य सामाग्रीहरुको खरिद गरी आयुर्वेद स्वास्थ्य सस्थाहरुबाट गुणस्तरीय सेवा प्रदानको लागि यो कार्यक्रम राखिएको छ ।

**उद्देश्यः**

निःशुल्क औषधिहरु सहितको सेवा निरन्तर प्रवाह गर्ने ।

**कार्यक्रम सञ्चालनः**

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार आवश्यक स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय औषधि खरिद गरियो।तथा दैनिक सेवाग्राहीहरुलाई चिकित्सकको परामर्श अनुसार निःशुल्क वितरण गरियो ।

**प्रतिफलः**

आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरुको नियमित उपलब्ध गरी गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्ध भएको ।

## जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्द्धन सेवा कार्यक्रमः

**पृष्ठभूमिः**

आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो।

**उद्देश्यः**

ज्येष्ठ नागरिकहरुको शारीरिक जाँच गरि रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण प्रवर्धन र उचित परामर्श दिने।

**कार्यक्रम सञ्चालनः**

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार आवश्यक स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय औषधि खरिद गरि अस्पतालमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीको पहिचान गरी नियमित रुपमा स्वास्थ्य जाँच गरी निःशुल्क वितरण गरियो ।

**लाभाम्वित संख्याः ९३४२**

## स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधि वितरण कार्यक्रमः

**पृष्ठभूमिः**

नवजात मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन सुत्केरी महिलालाई शतावरी चूर्ण वितरण गरि पर्याप्त दूध बढाउन यो कार्यक्रम राखिएको हो।

**उद्देश्यः**

- आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने ।
- मातृशिशु मृत्युदर घटाउने ।

**कार्यक्रम संचालनः**

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार आवश्यक स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय औषधि खरिद गरि अस्पतालमा सेवा लिन आउने सुत्केरी आमाहरुको नियमित रुपमा स्वास्थ्य जाँच गरी शतावरी चूर्ण तथा दशमूल तेल निःशुल्क वितरण गरियो ।

## पंचकर्म (पूर्वकर्म) कार्यक्रम

### पृष्ठभूमिः

पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो।

### उद्देश्यः

आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन गर्ने।

### कार्यक्रम संचालनः

विगत आ.व.को कार्य सम्पादन मुल्यांकन सन्तोषजनक पाइएको हुदा यस अस्पतालको प्रयोगशाला सेवा संचालनार्थ यस आ.व.०८२/८३ को बजेट रकमको अधिनमा रही आ.व.२०८२/८३ मा प्रदेशबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन २०८२ बमोजिम कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्तिः १ महिला र १ पुरुष गरी जम्मा २ करार सेवा लिई सेवा संचालन गरियो ।

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार आवश्यक स्पेसिफिकेसन र परिमाण तयार गरि अस्पताल प्रमुखबाट स्वीकृत गरी गुणस्तरीय औषधि खरिद गरि अस्पतालमा निःशुल्क पंचकर्म(पूर्वकर्म) कार्यक्रम संचालन गरियो ।

## नागरिक आरोग्य अभियान तथा समन्वय

### पृष्ठभूमिः

नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहसंगको सहकार्य र आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान तथा समन्वयका लागि यो कार्यकम राखिएको हो।

### उद्देश्यः

मेरो स्वास्थ्य, मेरो जिम्मेवारी को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्बनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान सञ्चालन, समन्वय तथा सहजीकरण समेत गर्ने।

### कार्यक्रम संचालनः

सामूहिक रूपम योग एबम् सकारात्मक जीवनशैली (आयुर्वेद जीवनशैली एवं स्वस्थकर आहारविहार) सम्बन्धी अभिकुखिकरण कार्यक्रम माछापुच्छ्रे गाँउपालिका सुनौलोपाटन घाचोकमा सम्पन्न।

सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार नागरिक आरोग्य अभियान तथा समन्वयका लागि प्रभावकारी सुचनामुलक सामग्रीहरु छपाई गरी निःशुल्क वितरण गरियो ।

## प्रयोगशाला संचालन (अन्य सेवा शुल्क समेत)

### पृष्ठभूमिः

प्रयोगशाला सञ्चालन भैरहेका जिल्लास्थित संस्थाका लागिआवश्यक स्थायी कर्मचारीको दरवन्दि नभएकाले सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गरि प्रयोगशाला सेवा सुचारू गर्न यो कार्यक्रम राखिएको छ।

### उद्देश्यः

प्रभावकारी एवं सुलभ निदान तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला सेवा सञ्चालन गर्ने।

### कार्यक्रम संचालनः

विगत आ.व.को कार्य सम्पादन मुल्यांकन सन्तोषजनक पाइएको हुदा यस अस्पतालको प्रयोगशाला सेवा संचालनार्थ यस आ.व.०८२/८३ को बजेट रकमको अधिनमा रही आ.व.२०८२/८३ मा प्रदेशबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन २०८२ बमोजिम कार्यक्रम सञ्चालन गर्न आवश्यक मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे.ल्या.टे. विषयमा प्रविणता प्रमाणपत्र तह (सि.एम.एल.टी.) उतिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको जनशक्तिलाई करार सेवा सम्झौता गरी प्रयोगशाला सेवा संचालन गरियो ।

## स्वर्णविन्दू प्राषण कार्यक्रम

### पृष्ठभूमिः/परिचय

स्वर्ण भष्मलाई घ्यु र महमा मिसाएर लेहमा परिणत गरि थोपा अंशको रूपमा सेवन गराइने विधि हो। पौराणीक कालदेखि पूर्वीय दर्शनमा संस्कारका रूपमा रहेको र आयुर्वेद का विभिन्न संहिताहरूमा उल्लेख भएको स्वर्ण प्राषणबाट बालबालिकामा व्याधी प्रतिरोधक क्षमताको वृद्धि गरि सर्ने तथा नसर्ने विभिन्न रोगहरूबाट जोगाउन यो कार्यक्रम राखिएको हो।

### उद्देश्यः

परम्परागत विधिबाट बालवालिकाको व्याधी प्रतिरोधक क्षमता वृद्धि गर्ने।

### कार्यक्रम संचालनः

स्वीकृत स्वर्ण प्राषणको लागि मानक सञ्चालन प्रकृया (Standard Operating Procedure) बमोजिम सावधानी अपनाइ तयारी प्रकृया/विधि अनुसार स्वर्ण प्राषण कार्यक्रम सञ्चालन गरीयो।

## चिकित्सालयहरूका लागि सेवा सञ्चालन तथा सुदृढीकरण खर्चः

### पृष्ठभूमिः/परिचय

आयुर्वेद चिकित्सालयको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट सेवा विस्तार तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो आयुर्वेद सेवा कार्यक्रम राखिएको हो। यसमा निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी प्रदान गरिने शर्त सहितको चालु अनुदान वापतको रकम समावेश गरिएको छ।

### उद्देश्यः

आयुर्वेद अस्पतालको सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने।

### कार्यक्रम संचालनः

गण्डकी आयुर्वेद अस्पतालको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यकता पहिचान गरी। अस्पताल सुदृढीकरण खर्च सम्बन्धी बजेट बाँडफाँडको कार्ययोजना आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट स्वीकृत गराई स्वीकृत कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गरीयो।

- पंचकर्म SOP निर्माण तथा छपाई ।
- अकुपंचर सहायक जनशक्ति व्यवस्थापन गरी अस्पतालमा अकुपंचर सेवा निरन्तरता ।

- CPD, CME कार्यक्रम संचालन ।
- निःशुल्क स्वास्थ्य शिविर संचालन
  - २०८२ पौष २७ गते मादी गाँउपालिका, मिजुरे स्वास्थ्य चौकी, मिजुरे गोर्जेमा
  - २०८२ चैत्र १ गते पोखरा महानगरपालिका-२६, सिद्धेश्वर योग ध्यान केन्द्र, सक्नेरीमा
  - २०८३ जेष्ठ २ गते बडिगाड गाँउपालिका आधारभुत अस्पताल बागलुङमा
  - २०८३ जेष्ठ २३ गते पोखरा महानगरपालिका-२६, शान्तिप्रेमी आमा समूह भवन, तालवेसीमा
  - २०८३ जेष्ठ ३१ गते पोखरा महानगरपालिका-३०, त्रिभुवन शान्ति मा.वि., खुदीमा
- सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश), आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार EMR सामग्री, पंचकर्म सामग्रीहरु तथा अस्पतालमा आवश्यक मेसिनरी उपकरण तथा सर्जिकल मेडिकल सामग्रीहरु खरिद गरी सेवा संचालन गरियो ।
- पंचकर्म भवनमा टायल रंगरोगन तथा फिनिसिङ सम्पन्न ।
- अन्तरंग विभागको माथि ट्रस निर्माण सम्पन्न ।

## वार्षिक लक्ष्य अनुसार सम्पादन हुन नसकेका कार्यक्रमहरु :

- सवारी साधन खरिद : जेन्जी आन्दोलनको विषम अवस्था पश्चात रोक्का रहेको ।
- भवन निमार्ण : प्रादेशिक सडक पुल तथा भवन निर्माण कार्यालयलाई रकमान्तर ।
- कार्यालय भवन माथि टर्स निर्माण एवं हलमा पार्टेशन निर्माण : दोस्रो पटकसम्म E-Bid मा कुनै पनि शिलबन्दी दरभाऊ पत्र प्राप्त नभएको ।

# विविध :

## कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाहका सबल पक्षहरुः-

| क्र.सं. | सबल पक्षहरु |
|---|---|
| १ | पूर्वकर्म (स्नेहन, स्वेदन), स्वस्थ जीवनशैली आदि आयुर्वेद चिकित्साका पद्धतिहरुबाट नसर्ने रोग तथा दिर्घ रोगीहरुको रोग न्यूनिकरण र रोकथाममा सहयोग भएको छ । स्वास्थ्य प्रबन्धनात्मक योग र रोग अनुसारको योग गर्न परामर्श दिइएको । |
| २ | अन्तरंग सेवा संचालनबाट बिरामीहरुको रोग निवारण र आरोग्यता वृद्धिमा सहयोग पुगेको। |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र स्थापनाबाट तल्लो तहसम्म आयुर्वेद सेवा पुगेको। |
| ४ | आयुर्वेदको प्रचार प्रसारबाट गुणस्तरीय आयुर्वेद सेवामा विश्वास बढेको छ । |
| ५ | पूर्वकर्म कार्यक्रम अन्तर्गतको स्नेहन, स्वेदन, जानुवस्ति, कटिवस्ति, शिरोधारा आदि आयुर्वेद चिकित्सा उपक्रमहरुको प्रभाव राम्रो देखिएको । |
| ७ | प्रयोगशाला सेवा सन्चालन भए सँगै सेवाको प्रभावकारितामा बिश्वसनियता बढेको । |
| ८ | सःशुल्क फार्मेसी संचालन पश्चात सेवाग्राहीहरुले सुपथ मुल्यमा सहजताका साथ गुणस्तरीय औषधी प्रदान गरिएको । |
| ९ | गुदारोग स्क्रिनिङबाट सो सम्बन्धि समस्याको समाधान एवं शल्यक्रिया सेवा प्रदान गरी स्वास्थ्य लाभ गराइएको । |
| १० | निःशुल्क स्वास्थ्य शिविरबाट स्वास्थ्य सेवाबाट बन्चितहरुमा स्वास्थ्य सेवा प्रदान गरिएको । |
| ११ | चूर्ण औषधि निर्माणबाट सेवाग्राहीहरुले गुणस्तरीय निःशुल्क औषधी प्राप्त गरेका । |

## कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, समस्या समाधानका लागि गरिएका उपाय तथा जिम्मेबार तह

| क्र.सं. | कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु | समस्या समाघानका उपाय | जिम्मेबार तह |
|---|---|---|---|
| १ | बजेट कम बिनियोजन को कारण धेरै area coverage गर्न नसकिएको | थप बजेट विनियोजन हुनुपर्ने | स्वास्थ्य मन्त्रालय |
| २ | कार्यालय भवनको भौतिक अवस्था कमजोर र कोठा अभावमा थप सेवा विस्तार गर्न नसकिएको | नयाँ भवन निर्माण वा तल्ला थप गर्ने वा ट्रस निर्माण | स्वास्थ्य मन्त्रालय |
| ३ | कर्मचारीलाई नियमित तालिमको अभाव | वर्षमा कम्तीमा ४ क्षमतावृद्धि तालिम हुनुपर्ने | स्वास्थ्य मन्त्रालय, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र |
| ४ | जनशक्ति अभाव | यथाशिघ्र आवश्यक पदपुर्तिको व्यवस्था गर्ने | स्वास्थ्य मन्त्रालय, प्रदेश लोकसेवा आयोग |

## कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाहका चुनौतीहरुः-

| क्रसं. | चुनौतिहरु (बाह्य र आन्तरिक) |
|---|---|
| १ | थप सुविधा र सेवायुक्त विशेषज्ञ सहितको आयुर्वेद अस्पताल नहुनु । |
| २ | कर्मचारीलाई तालिमको व्यवस्था कम हुनु । |
| ३ | भौतिक पूर्वाधारको कमी हुनु साथै कर्मचारी आवास नहुनु । |
| ४ | आयुर्वेद कार्यक्रमको बजेट न्युन हुनु । |
| ५ | दरबन्दी अनुसार पदपूर्ति गरी समयानुकुल थप सेवा दिने गरी कर्मचारीको व्यवस्था गरिनु पर्ने । |
| ६ | स्वास्थ्य प्रवर्द्धनात्मक र उपचारात्मक सेवाका लागि स्पष्ट कार्यक्रम र निर्देशन हुनु पर्ने । |

## कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाह गर्दाका मुख्य सिकाईः-

१. आयुर्वेद सेवा कार्यक्रम सञ्चालनले गर्दा जनमानसमा आयुर्वेद चिकित्सा सेवा प्रति विश्वास बढेको ।

२. कार्यक्रम समयमा नै शुरु गर्नुपर्ने ।

३. समुदायको आवश्यकता अनुसारको कार्यक्रम बनाउनु पर्ने ।

४. कुनै पनि कार्यक्रम गर्दा स्थानीय जनप्रतिनिधिहरुको एवं जनसहभागिता सुनिश्चित गर्नुपर्ने ।

५. कार्यक्रम निरन्तरताको सुनिश्चितता हुनुपर्ने र संचालन प्रक्रियाको बारेमा अभिमुखिकरण गर्ने

६. पुर्वकर्म, पंचकर्म, तथा क्षारसुत्र सेवा प्रभावकारी ढंगले संचालन गर्नको लागि आवश्यक जनशक्ति सहितको अन्तरङ्ग (INDOOR) सेवा सुदृढिकरण गर्नुपर्ने ।

## अस्पतालले आयोजना गरेको अर्धवार्षिक समिक्षा गोष्ठीबाट प्राप्त भएका सुझावहरु :

❖ <u>तत्काल गर्न सकिने</u>

१) कास्की जिल्ला भित्र रहेका औषधालयहरुमा पालो पालो रिपोर्टिङ बैठक बसी भएका समस्याको समाधानको बाटो पहिल्याउन मन्त्रालयबाट १ प्रतिनिधि, गण्डकी आयुर्वेद अस्पतालबाट १ प्रतिनिधि र समस्या भएको औषधालयको १ प्रतिनिधिको समिति बनाई छलफल एवं समन्वय मार्फत समस्या समाधानको पहल गर्नुपर्ने ।

२) परम्परागत स्वास्थ्यकर्मीहरुको लगत संकलन एवं उनीहरुसँग रहेको ज्ञानको लिपिवद्ध गरी संरक्षणको पहल गर्नुपर्ने ।

३) आयुर्वेद स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न वर्षमा कम्तिमा ३ वटा तालिमको व्यवस्था मिलाउनुपर्ने ।

४) कास्की जिल्ला भित्र रहेको जडिबुटिहरुको लगत संकलन, प्रकाशन र व्यवसायीक खेती सम्बन्धी तालिम एवं जडिबुटि खरिदको प्रत्याभूति गर्ने ।

५) हरेक औषधालयहरुमा स्नेहन, स्वेदन, शिरोधारा, वस्ति, नस्य, अभ्यङ्ग आदि उपक्रमहरुको संचालनको लागि अभ्यङ्गकर्ताको रुपमा १ पुरुष र १ महिलाको दरबन्दीको व्यवस्था गर्नुपर्ने ।

६) जेष्ठ नागरिकको लागि घुम्ती शिविरहरु संचालन गर्ने ।

७) स्थानीय तहका जनप्रतिनिधिहरुलाई आयुर्वेद, स्वास्थवृत, जीवनशैली व्यवस्थापन, योग सम्बन्धी थप अभिमुखीकरण तालिम संचालन गर्नुपर्ने ।

८) आयुर्वेद सेवाको गुणस्तर कायम राख्न अधिकार सम्पन्न अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्नुपर्ने ।

## ❖ अल्पकालमा गर्न सकिने

१) वेगनास आयुर्वेद औषधालयको नाममा रहेको ५० रोपनी जग्गामा रोपिएका १४०० जडिबुटिहरको नाम, प्रयोज्य अङ्ग, प्रयोग बारे जानकारी सहितको नेमप्लेट तयार गरी त्यसको संरक्षण, पहिचान एवं सामान्य प्रयोगको ज्ञान लिने उद्देश्यले महिनामा १ विद्यालयबाट कक्षा ९-१० का विद्यार्थीहरुलाई अवलोक भ्रमण गराउने सो को लागि जडिबुटि उद्यानको हेरचाह गर्न २ माली र १ द्रव्यगुण विज्ञ वा आयुर्वेद चिकित्सकको व्यवस्था प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा गर्नुपर्ने ।

२) हरेक जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्थाहरुलाई जनशक्ति थप सहित अस्पतालको रुपमा विकास गर्नुपर्ने ।

३) देउराली आयुर्वेद औषधालयको नाममा प्राप्त जग्गामा औषधालय भवन निर्माणको लागि गाउँपालिका र प्रदेश सरकारको सहकार्यमा आगामी आ. व. मा बजेटको व्यवस्था गर्नुपर्ने ।

४) स्वास्थ्य शिक्षाको पाठ्यक्रमा आयुर्वेद एवं वैकल्पिक चिकित्सा पद्धतिहरुको केही पाठहरु तयार गरी आगामी शैक्षिक सत्रबाट अध्ययन अध्यापन शुरु गर्नुपर्ने ।

## ❖ दीर्घकालमा गर्न सकिने

१) गण्डकी आयुर्वेद अस्पतालमा स्तरोन्नती भई अन्तरंग सेवा समेत संचालन भई रहेको अवस्थामा यसलाई दिगो गुणस्तरीय सेवाको निरन्तरताको सुनिश्चितताको लागि भवन निर्माणलाई प्राथमिकता प्रदान गरी स्वास्थ्य संस्था मापदण्ड अनुरुपको अस्पताल भवन निर्माण गर्नुपर्ने ।

२) आयुर्वेद औषधिहरुको गुणस्तर मापन गर्न सक्ने प्रयोगशालाको स्थापना गरी, आयुर्वेद औषधीहरुको गुणस्तर कायम राख्न अनुगमन गर्नुपर्ने ।

३) हरेक वडामा आयुर्वेद सेवा पुर्‍याउने उद्देश्यले थप सेवा केन्द्रहरुको स्थापना एवं संचालन गर्दै जानुपर्ने ।

## भावी कार्य योजना

- बार्षिक कार्यक्रम निर्धारित समयमै कार्यक्रम सम्पन्न गर्ने ।
- विस्तारित सेवा संचालन गर्ने ।
- अस्पताललाई बिमामा आबद्ध गर्ने ।
- भवन निर्माण गर्ने ।

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक बिवरण:

| बजेट/ब.उ.शी. नं. | विनियोजित बजेट | २०८३ आषाढ मसान्तसम्मको खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु/३७००१०१५३ | ३,२८,४२,०००/ | २,२४,२२,७७७/ | ६८.२७% | समग्र वित्तिय प्रगती ७४.९२% |
| पुँजीगत/३७००१०१५४ | ९३,००,०००/ | ७७,१६,६७९/ | ८२.९७% | |
| सशर्त/३७०९१०१४३ | २,८५,०००/ | २,८५,०००/ | १००% | |
| सशर्त/३७०९१०२१३ | ७६,३०,०००/ | ७६,२३,८६५/ | ९९.९१% | |
| सशर्त/३७०९१०११३ | ३०,१२०००/ | १७,१५,९०४/ | ५६.९६% | |

# तथ्यांक एवं फोटोहरु :


Gandaki Ayurveda Hospital_Kaski
8k
6k
4k
2k
0
6 332
5 584
3 696
3 481
Shrawan 2082 to Asar 2083
OPD - Total New Female (Sum of all diseases)
OPD - Total New Male (Sum of all diseases)
OPD - Total Repeated Female (Sum of all diseases)
OPD - Total Repeated Male (Sum of all diseases)


Gandaki Ayurveda Hospital_Kaski
12.5k
10k
7.5k
5k
2.5k
0
10 131
7 039
Shrawan 2082 to Asar 2083
Total Female Panchakarma Service received
Total Male Panchakarma Service received


Gandaki Ayurveda Hospital_Kaski
10k
7.5k
5k
2.5k
0
9 342
4 997
4 345
Shrawan 2082 to Asar 2083
Jeshth Nagarik Served Total
jeshth_nagrik_total_served_female
jeshth_nagrik_total_served_male


Gandaki Ayurveda Hospital_Kaski
300
250
200
150
100
50
0
249
Shrawan 2082 to Asar 2083
Stanpayi - Total Client Served


Gandaki Ayurveda Hospital_Kaski
2500
2000
1500
1000
500
0
2 031
1 923
Shrawan 2082 to Asar 2083
salya_total_femal_clients
salya_total_male_clients


Gandaki Ayurveda Hospital_Kaski
1250
1000
750
500
250
0
1 107
1 063
Shrawan 2082 to Asar 2083
Yoga - Total Female Clients
Yoga - Total Male Clients

## स्वस्थ जीवनशैली कार्यक्रम :





















## राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, ध्यान दिवस, राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम :













## नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम :



# पूर्वकर्म तालिम कार्यक्रम



















# Ayurveda Package for NCDs तालिम












# वार्षिक समिक्षा











## पंचकर्म SOP निर्माण गोष्ठी



# गुदा रोग स्क्रिनिङ





भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्र
तथा
उपचार कार्यक्रम
गण्डकी आयुर्वेद अस्पताल






शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र

तथा
उपचार कार्यक्रम

## स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/ औषधि प्रवर्द्धन कार्यक्रम












## स्वर्ण विन्दु प्राषण कार्यक्रम



## स्वास्थ्य शिविर

पोखरा-२६, तालबेसी



## स्वास्थ्य शिविर

माछापुच्छ्रे गा पा, मिजुरे



## स्वास्थ्य शिविर बागलुङ, बडिगाड


















## स्वास्थ्य शिविर

पोखरा-३०, खुदी





गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# गण्डकी आयुर्वेद अस्पताल

कास्की


फोन नं: ०६१-५६३५२८

E-mail : gandakiayurveda@gmail.com

Website : www.gah.gandaki.gov.np